# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४१५/२०७१/०७२

अर्घाखाचीं जिल्ला नयां बसर्पाक लाईन, सन्धिखर्क १ बस्ने मुक्तिनाथ् भुषाल..................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, अर्घाखाँची ................................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, अर्घाखाँची ................................................१

**विषय :- माग अनुसारको सूचना उपलब्ध गराउने ।**

अर्घाखाँची जिल्ला नयाँ बसपार्क लाइन सन्धिखर्क १ बस्ने मुक्तिनाथ भुषालले जिल्ला शिक्षा कार्यालय, अर्घाखाँची समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।०५ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला शिक्षा कार्यालय, अर्घाखाँचीका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. गत आ.व. ०६९। ०७० देखि चालु आर्थिक वर्षको लागि सो कार्यालयको सूचना तथा बिज्ञापन प्रकाशन प्रसारणका लागि सुचिकृत गरिएका सप्लायर्सहरु कति थिए ? नामावलीको प्रमाणित प्रतिलिपि ।

२. सुचिकृत गरिएका मध्ये कुन सप्लायर्सबाट कुन मिडियामा, कुन प्रायोजनको लागि कुन दररेटको सूचना तथा बिज्ञापन प्रकाशन वा प्रसारण गरिएको थियो ? आर्थिक वर्ष ०६९/०७० देखि चालु आर्थिक बर्षको फागुन मसान्त सम्मको अलग अलग विवरणको प्रमाणित प्रतिलिपि ।

३ प्रकाशन वा प्रसारण गरेबापत भूक्तानी विल भर्पाइको प्रमाणित प्रतिलिपि । आर्थिक बर्ष ०६९/०७० देखि चालू आर्थिक बर्षको फागुन मसान्तसम्मको ।

४ सुचिकृत गरिएका सप्लार्यस बाहेक थप अन्य मिडियामा सूचना तथा बिज्ञापन प्रकाशन वा प्रसारण गरिएको थियो वा थिएन ? गरिएको भए कसलाई, कुन प्रायोजनमा, कति रकम खर्च गरिएको हो अलग अलग बिवरणको प्रमाणित प्रतिलिपि । आर्थिक बर्ष ०६९/०७० देखि चालु आर्थिक बर्षको फागुन मसान्तसम्मको ।

(यशोदादेवी तिम्सिना) (किरणकुमार पोखरेल) (कृष्णहरि बाँस्कोटा)

सूचना आयुक्त सूचना आयुक्त प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।